## मिति २०७८।०२।०५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. ०६।०७८

१. लोकतन्त्रको लागि भएका जनआन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति सम्मान तथा हार्दिक श्रद्धान्जली अर्पण गर्ने।

२. प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेशको उपाध्यक्ष पदमा डा. गिरीधारी शर्मा पौडेल र सदस्य पदमा डा. विष्णु राज बराललाई नियुक्ति गर्ने।

३. माननीय मुख्यमन्त्रीज्यूको राजनीतिक सल्लाहकारमा सुन्दरबजार नगरपालिका वडा नं.-३, लमजुङका डा. भिष्म नाथ अधिकारीलाई नियुक्त गरी पारिश्रमिक र सुविधा तोक्ने।

४. गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचीमा हेरफेर गर्ने।

५. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल र पोखराका मेडिकल कलेजहरुमा शैया छुट्याई कोभिड-१९ संक्रमितको उपचार तथा व्यवस्थापन गर्न नेपाल सरकारमा सिफारिस गर्ने।

६. गण्डकी प्रदेश सरकारको प्रवक्तामा माननीय मन्त्री रामशरण बस्नेतलाई तोक्ने।

७. मिति २०७८।०२।०५ मा लमजुङ जिल्ला मस्याङ्दी गाउँपालिकाको भुलभुले लगायतका स्थानलाई केन्द्र विन्दु बनाइ गएको भूकम्पबाट घाइते भएका व्यक्तिहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै भूकम्पबाट भएको क्षतिको विवरण याथशिघ्र लिने, घइतेहरुको उपचार प्रदेश सरकारले गर्ने, तत्काल उद्दार तथा राहतको व्यवस्था मलाउने र उद्दार तथा राहत कार्यमा क्रियाशिल भई जुट्न स्थानीय तह, स्थानीय प्रशासन, सामाजिक संघसंस्थाहरुलाई आह्वान गर्ने।